# "स्थानीय मदिराजन्य पेय पदार्थको व्यवस्थापन सम्बन्धी ऐन २०८२"

दार्मा गाउँपालिका, सल्यान
कर्णाली प्रदेश
नेपाल

## दार्मा गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड -९ सङ्ख्या : ६ मिति : २०८२/०९/१४**

**भाग -१**

**दार्मा गाउँपालिका**

गाउँसभाबाट स्वीकृत मिति :२०८२/०९/०७

प्रमाणिकरण मिति : २०८२/०९/१४

### "स्थानीय मदिराजन्य पेय पदार्थको व्यवस्थापन सम्बन्धी ऐन २०८२"

**प्रस्तावना**: यस ऐनले परापुर्व कालदेखि धार्मिक, सांस्कृतिक, जातीय पहिचान तथा जीवनशैली बनिसकेको प्राकृतिक, जैविक र औषधीय गुणले युक्त पौराणिक पेय पदार्थको रुपमा प्रयोग हुँदै आएक स्थानीय पेय पदार्थलाई परम्परागत शैलीमै उत्पादन, भण्डारण तथा उपयोग गर्न विभिन्न प्रविधिको प्रयोग गरी वैज्ञानिक व्यवस्थापन गर्न, बहुमुल्य जडिबुटीहरुलाई उपयोग गर्ने, स्थानीय अन्न तथा बालीहरु उत्पादनको लागी उत्प्रेरणा प्रदान गर्ने, दिर्घकालिन

अर्थतन्त्रको मेरुदण्ड तयार पार्ने, स्थानीय रुपमा उत्पादित मदिराजन्य पेय पदार्थलाई गुणस्तरीय रुपमा उत्पादन, संकलन, भण्डारण, गुणस्तर नियन्त्रण, बिक्री-वितरण, व्यवस्थापन र निकासी तथा पैठारी गरी स्थानीय अर्थतन्त्रलाई सबल पार्ने, स्थानीय स्तरमा खेर गैरहेका विभिन्न किसिमका फलफुल तथा जङ्गली फलफुल, जडिबुटीहरु, अन्नबालीहरुको प्रवर्द्धन गरी आर्थिक हित कायम गर्न तथा अव्यवस्थित रुपमा गरिने सम्पूर्ण मदिराको उत्पादन, बिक्री वितरण रोक्न सम्बन्धमा कानुनी व्यवस्था गर्न बाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (४) खण्ड (ख) (१३) र दफा १०२ बमोजिम गाउँ साभाले यो कानून बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः-**

(१)यस ऐनको नाम "स्थानीय मदिराजन्य पेय पदार्थको व्यवस्थापन सम्बन्धी ऐन २०८२" रहेको छ।

(२) यो ऐन दार्मा गाउँपालिका भित्र लागू हुनेछ।

(३)यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः-**

(१)विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः-

(क) **"स्थानीय मदिराजन्य पेय पदार्थ"** भन्नाले धार्मिक, सांस्कृतिक, जातीय पहिचान तथा जीवनशैली बनिसकेको प्राकृतिक, जैविक र औषधीय गुणले युक्त पौराणीक पेय पदार्थको रुपमा प्रयोग हुँदै आएको स्थानीय पेय पदार्थ (अन्न, फलफुल, जडिबुटी वा अन्य कुनै वस्तुलाई जीव रासायनिक प्रक्रियाद्वारा कुहाई वा अन्य कुनै तरिकाबाट तयार पारिएको पेय पदार्थ) सम्झनुपर्छ र सो शब्दले रक्सी, जाँड, छयाङ, तोम्वा तथा अन्य मदिराजन्य पेय पदार्थलाई जनाउँछ।

(ख) **"उत्पादन"** भन्नाले स्थानीय मदिराजन्य पेय पदार्थ तयार गर्नका लागी आवश्यक पदार्थ कुहाउने, तताउने, पकाउने, जैविक मर्चा मिसाउने वा त्यस्तो पदार्थमा बास्ना वा स्वाद आउने गरी कुनै कुराको सम्मिश्रण गर्ने वा स्थानीय मदिराजन्य पेय पदार्थ तयार गर्नको लागी अपानाइने सबै वा कुनै विधी वा कार्य सम्झनुपर्छ।

(ग)**"इजाजतपत्र"** भन्नाले मदिरा ऐन २०३१ को दफा ६(क) बमोजिम उत्पादन, बिक्री वितरण निकासी वा पैठारी गर्न वा मदिरा तयार गर्न दिइएको इजाजतपत्र सम्झनुपर्छ।

(घ)**"अनुमतिपत्र"** भन्नाले दार्मा गाउँपालिका द्वारा यस ऐन बमोजिम स्थानीय मदिराजन्य पेय पदार्थ उत्पादन, बिक्री वितरण निकासी गर्न दिइएको अनुमति पत्र सम्झनुपर्छ।

(ङ) **"उत्पादक"** भन्नाले गाउँपालिकाद्वारा अनुमतिपत्र प्राप्त गरेको मदिराजन्य पेय पदार्थ उत्पादन गर्ने व्यक्ति वा समूहलाई जनाउने छ।

(च) **"सङ्कलन केन्द्र"** भन्नाले उत्पादकले उत्पादन गरेको स्थानीय मदिराजन्य पेय पदार्थ सङ्कलन गर्नको लागि गाउँपालिकाले निर्दिष्ट गरेको संकलन केन्द्र भन्ने बुझिने छ।

(छ) **"प्रयोगशाला"** भन्नाले सङ्कलन केन्द्रमा सङ्कलन गरिएको स्थानीय मदिराजन्य पेय पदार्थको ब्राण्डीङ गर्नको लागि आवश्यक पर्ने गाउँपालिकाद्वारा निर्दिष्ट गरेका विभिन्न खालको परीक्षण गर्ने स्थानलाई बुझिने छ।

(ज) **"गाँउपालिका"** भन्नाले दार्मा गाउँपालिकालाई सम्झनु पर्छ।

(झ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले दार्मा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(ञ) **"तोकिएको अधिकारी"** भन्नाले दार्मा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारी वा नगर प्रहारीलाई सम्झनु पर्छ।

(ट) **"सार्वजनिक स्थान"** भन्नाले धारा, चौतारा, कुवा, पोखरी, शैक्षिक संस्था, कलकारखाना, सवारी साधन, सभा सम्मेलन, मठ मन्दिर, रंगशाला, सरकारी तथा गैर सरकारी कार्यालयहरु, शवदाह स्थल सम्झनु पर्छ ।

## परिच्छेद-२
## उत्पादन र वितरण

३. **स्थानिय मदिराजन्य पेय पदार्थको उत्पादनः** घरेलु गुणस्तरमा उत्पादन हुने अन्न र फलफुलहरुबाट कानुन बमोजिम स्थानिय मदिराजन्य पेय पदार्थ उत्पादन ब्रान्डिंग र बिक्री वितरणको लागि उद्योग व्यवसाय सञ्चालन गर्न सकिने छ ।

४. **स्थानीय मदिराजन्य पदार्थको उत्पादनमा नियन्त्रणः** (१)कुनै व्यक्तिले अनुमतिपत्र बिना उत्पादन गर्न पाइने छैन।

(२)अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्रमा तोकिएको शर्त बमोजिम बाहेक उत्पादन गर्न पाइने छैन ।

(३)मदिराजन्य पेय पदार्थ उत्पादनको लागि प्रविधिको प्रयोग गर्नु पूर्व स्वीकृति लिनु पर्नेछ, प्रविधिको पूर्व स्वीकृति बिना उत्पादन गर्न पाइने छैन ।

(४)मदिराजन्य पेय पदार्थ उत्पादन,ब्राण्डिङ्ग तथा नियमन सम्बन्धी व्यवस्था संघिय तथा प्रदेश कानूनमा तोकिए बमोजिम हुनेछ ।

५. **मदिराको बिक्री वितरणमा नियन्त्रणः** (१) कुनै व्यक्तिले अनुमतिपत्र बेगर र अनुमतिपत्र पाएकोले पनि अनुमतिपत्रमा तोकिएको शर्त बमोजिम बाहेक मदिरा बिक्री, वितरण गर्न वा मदिरापान गराउने बार, रेष्टुरेण्ट, होटल वा पसल थाप्न पाउने छैन ।

(२) मदिरा विक्री वितरण भैरहेको टोलका ७० प्रतिशत भन्दा बढी घरपरिवारहरुले उक्त टोलमा मदिरा पसल राख्न नदिने निर्णय गरी टोल विकास समिति र वडा कार्यालयको सिफारिस सहित लिखित रुपमा गाउँपालिकामा निवेदन दिएमा सो टोलमा सञ्चालन भएको मदिरा पसल बन्द गर्न सकिनेछ ।

(३) प्रचलित कानून बमोजिम अनुमतिपत्र लिएको भएतापनि सर्वसाधारण जनताको सदाचार, स्वास्थ्य, सुविधा, आर्थिक हित तथा अपराधिक घटनाहरुलाई नियन्त्रण गर्न गाउँपालिकाले मदिरा प्रयोगलाई व्यवस्थित र प्रभावकारी वनाउन गाउँपालिका भित्रको केही स्थानहरुमा मदिरा निषेध गर्न सक्नेछ ।

६. **मदिराजन्य पेय पदार्थ उत्पादन तथा बिक्री वितरणमा बन्देजः** (१) सार्वजनिक स्थानको चारैतर्फ १०० (एक सय) मिटरको दूरीभित्र पर्ने क्षेत्रमा मदिराजन्य पेय पदार्थको उत्पादन, संकलन, भण्डारण तथा बिक्री-वितरण गर्न पाइने छैन।

(२) गाउँपालिका भित्र मदिरा विक्रि वितरण गर्दा गाउँपालिकाले निषेधगरको स्थानमा बिक्री विरतण गर्न पाइने छैन ।

(३) कसैले पनि प्लाष्टिकको पोका (पाउच) मा मदिरा राखी मदिराको उत्पादन तथा बिक्री वितरण गर्न पाइने छैन ।

(४) कसैले पनि अठार वर्षको उमेर पूरा नगरेको व्यक्तिलाई मदिराजन्य पेय पदार्थ बिक्री वितरण गर्नु हुँदैन ।

(५) अठार वर्षको उमेर पूरा नगरेको व्यक्ति मदिराजन्य पेय पदार्थ बिक्री वितरण गर्नु हुँदैन ।

(६) बिक्रीकर्ताले गाउँपालिकाबाट स्वीकृति लिएको र तोकिएको स्थानमा बाहेक अन्यत्र विक्री वितरण गर्न पाउने छैन ।

(७) स्थानीय मदिराजन्य पेय पदार्थ उत्पादन गर्दा जैविक तथा प्राकृतिक मर्चा प्रयोग गर्नुपर्नेछ। गाउँपालिका वा सम्बन्धित निकायबाट स्वीकृत गरिएको बाहेक कुनै पनि अप्राकृतिक वा रासायनिक पदार्थको प्रयोग सख्त रूपमा निषेध गरिनेछ ।

(८) स्थानीय मदिराजन्य पेय पदार्थ उत्पादन गर्दा 'रेक्टिफाइड स्प्रिट' प्रयोग गर्न बन्देज गरिएको छ ।

७. **मदिराको निकासी पैठारीमा नियन्त्रणः** (१) कुनै व्यक्तिले अनुमतिपत्र बेगर र अनुमतिपत्र पाएकोले पनि अनुमतिपत्रमा तोकिएको शर्तबमोजिम बाहेक गाउँपालिका भित्र मदिराको निकासी वा पैठारी गर्न पाउने छैन ।

## परिच्छेद-३

## अनुमतिपत्र सम्बन्धी

८. **अनुमतिपत्रको लागि निवेदन दिनुपर्नेः** (१) यस गाउँपालिका भित्र स्थानीय मदिराको उत्पादन, बिक्री वितरण, निकासी गर्न चाहनेले संघ तथा प्रदेश कानून बमोजिमको प्रक्रिया पुरा गरि इजाजतपत्र लिई यस गाउँपालिकाबाट समेत अनुमतिपत्र लिनु पर्नेछ र अनुमतिपत्र लिनको लागि तोकिए बमोजिमको ढाँचामा गाउँपालिकमा निवेदन दिनु पर्नेछ ।

९. **अनुमतिपत्र दिनुपर्नेः**(१) दफा ९ बमोजिम अनुमतिपत्रको लागि कुनै निवेदन पर्न आएमा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा निवेदकलाई अनुमतिपत्र दिन मनासिब देखेमा तोकिए बमोजिमको शर्तको अधीनमा रही मदिराको उत्पादन, बिक्री वितरण, निकासी गर्न तोकिएको दस्तुरलिई तोकिएको ढाँचामा अनुमतिपत्र दिनुपर्नेछ । तर अठार वर्षको उमेर पूरा नगरेको व्यक्तिलाई अनुमतिपत्र दिइने छैन ।

१०. **अनुमतिपत्रको अवधि र नवीकरणः** अनुमतिपत्र प्रत्येक आर्थिक वर्षको असोज महिना भित्र नविकरण गर्नुपर्नेछ र दस्तुर सम्बन्धी व्यवस्था गाउँपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ।

११. **अनुमतिपत्र रद्द गर्न सक्नेछः** स्थानीय मदिराजन्य पेय पदार्थ व्यवस्थापनको लागि गाउँपालिकाले तोकेको अधिकारीले स्थानीय मदिराजन्य पेय पदार्थ उत्पादन तथा विक्रीको लागि दिइएको अनुमतिपत्र देहायको अवस्थामा रद्द गर्न सक्नेछः-

(क) अनुमतिपत्र नवीकरण नगरेमा,

(ख) अनुमतिपत्रमा तोकिएका शर्त उल्लङ्घन गरेमा,

(ग) स्थानीय मदिराजन्य पेय पदार्थको उत्पादन तथा बिक्री वितरणमा बन्देज गरिएका कुनै पनि कार्य गरेमा ।

(घ) दफा ६ विपरीत काम गरेमा

१२. **लागू नहुने अवस्थाः** यस ऐनका अन्य दफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि कूल धर्म पम्परा अनुसार निजी उपयोगको निमित्त देहायको परिमाणमा मदिराजन्य पेय पदार्थ रक्सी वा जाँड बनाउन दफा ३ बमोजिम अनुमतिपत्र लिनु पर्ने छैन ।

## परिच्छेद-४
## कारबाही र सजाय

१३. **खानतलासी, कब्जा वा गिरफ्तार गर्न सक्ने**:(१)कुनै स्थानमा यस ऐन बमोजिक सजाय हुने कसूर भएको छ भन्ने मनासिव देखीएको खण्डमा गाउँपालिकाको बजार अनुगमन समिति वा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारीले त्यस्तो स्थानको खानतलासी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम खानतलासी गर्दा गाउँपालिकाद्वारा तोकिएको अधिकारीले खानतलासी गर्नुपर्ने कारण जनाई खानतलासी गर्ने स्थानको धनी वा तत्काल सो स्थान प्रयोग गरिरहेको व्यक्तिलाई सो स्थानमा प्रवेश गर्नुभन्दा अगावै सूचना दिएर मात्र खानतलासी गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम खानतलासी गर्दा यस ऐन बमोजिम सजाय हुने कसूर भएको विश्वासनीय कारण देखिएमा त्यस्तो कसूरसँग सम्बन्धित सामान कब्जामा लिन सकिनेछ।

(४) कुनै व्यक्तिले यस ऐन विपरित कार्य गरेको वा गर्न लागेको छ र निजलाई गिरफ्तार नगरेमा निज भागी जाने सम्भावना छ भन्ने लागेमा गाउँपालिकाद्वारा तोकिएको अधिकारीले स्थानीय प्रहरीको प्रयोग गरी निजलाई गिरफ्तार गर्न सक्नेछ।

(५) यस दफा बमोजिम खानतलासी, कव्जा वा पक्राउ गर्दा गाउँपालिकावाट खटि जाने अधिकारिलाई प्रचलित कानून बमोजिम प्रहरीलाई भए सरहको अधिकार हुनेछ

(६) गाउँपालिकाद्वारा तोकिएको अधिकारीले यस दफा बमोजिम खानतलासी, कब्जा वा गिरफ्तार गर्दा स्थानीय वडा प्रतिनिधिको रोहबरमा गर्नुपर्नेछ।

१४. **खानतलासी, कब्जा वा नियन्त्रणको प्रतिवेदन दिनु पर्ने**: (१) यस ऐन अन्तर्गत कसैलाई नियन्त्रणमा लिएको वा कुनै स्थानमा खानतलासी गरेको वा कुनै सामान कब्जा गरेकोमा तोकिएको अधिकारीले सो कुराको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत मार्फत न्यायिक समिति समक्ष दिनु पर्नेछ।

१५. **स्थानीय सरकारलाई तिर्नपर्ने रकम सरकारी बाँकी सरह असूल गर्न**:(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम कुनै व्यक्तिले स्थानीय सरकारलाई बुझाउनुपर्ने रकम नबुझाई बाँकी राखेमा त्यस्तो रकम निजबाट गाउँपालिकाले सरकारी बाँकी सरह असुल उपर गर्नेछ।

१६. **दुःख दिने नियतले खानतलासी, कब्जा वा गिरफ्तार गर्नेलाई सजाय**: यस ऐनको विरुद्ध काम भए गरेको भन्ने मनासिब शङ्का नभई अर्कालाई दुःख दिने, हैरानी गर्ने, बेइज्जती गर्ने वा क्षति पुर्याउने नियतले कुनै स्थानमा प्रवेश गर्न वा खानतलासी गर्ने गराउने, कसैलाई गिरफ्तार गर्ने गराउने, कब्जा वा जफत गर्न नहुने सामान कब्जा वा जफत गर्ने गराउने वा कसैलाई अनावश्यक क्षति वा चोट पर्याउने वा पुर्याउन लगाउने व्यक्तिलाई दश हजार देखी पचास हजार रुपैयाँसम्म वा गाउँपालिकाको न्यायिक समितिको निर्णय अनुसार सजाय हुनेछ।

१७. **दण्ड सजाय**: (१) यस ऐन विपरीत काम गर्ने व्यक्तिलाई वढीमा एक लाख रुपैयाँसम्म जरिवानाको सजाय हुनेछ।

(२) यस ऐन विपरीतको कुनै काम गर्न उद्योग गर्ने वा त्यस्तो काम गर्न दुरुत्साहन गर्ने वा सो काममा सहयोग गर्ने मतियारलाई पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ।

(३) कुनै व्यक्ति माथि उल्लेखित जरिवाना वापतको रकम निर्त सक्ने हैसियत नभएमा गाउँपालिका वा गाउँपालिकाले तोकेको निकायले जरिवाना वापतको रकम वरावर जिल्लामा प्रचलित दररेट बमोजिम श्रम गराउनेछ।

## परिच्छेद-५

## विविध

१८.**मदिरा तथा अन्य सामानको जफत र बिक्री**:(१) कुनै व्यक्तिले यस ऐन र प्रचलित कानून  विपरीत मदिराको उत्पादन, बिक्री वितरण, निकासी वा पैठारी गरेमा सो कार्यसँग सम्बन्धित मदिरा तोकिएको अधिकारीले जफत गर्नेछ ।

(२) दफा (१) बमोजिम जफत गरिएको मदिरामध्ये गुणस्तरयुक्त मदिरा तोकिए बमोजिम गाउँपालिकाले लिलाम बिक्री गर्नु पर्नेछ।

(३) यस ऐन र प्रचलित कानून विपरीत मदिराको कारोबार गर्न प्रयोग गरिएका सबै सामानहरु गाँउपालिकाले जफत गरी तोकिए बमोजिम लिलाम बिक्री गर्नेछ। तर सवारी साधनको हकमा सवारी धनीको मञ्जुरी रहेनछ भने त्यस्तो सवारी साधन जफत हुने छैन।

१९.**पुरस्कार**: (१) कसैले यस ऐन विपरीत मदिरा उत्पादन, सञ्चय, बिक्री वितरण, ओसार पसार, निकासी वा पैठारी गर्न लागेको वा गरेको सुराक दिने वा सबुत प्रमाण सहित मानिस पक्री पेश गर्ने व्यक्तिलाई सो कार्य भए गरेको प्रमाणित हुन आएमा देहाय बमोजिमको रकम पुरस्कार स्वरुप दिइनेछ,

(क) सुराक दिने व्यक्तिलाई बिगोको दश प्रतिशत,

(ख) मदिरा वा मानिस पक्री पेश गर्ने व्यक्तिलाई बिगोको बीस प्रतिशत,

(ग) मदिरा र मानिस दुवै पक्री पेश गर्ने व्यक्तिलाई बिगोको तीस प्रतिशत।

(२) उपदफा (१) बमोजिम पुरस्कार दिने प्रयोजनको लागि मदिरा र सोसँग सम्बन्धित जफत भएको सामान लिलाम भएको अवस्थामा लिलामबाट प्राप्त रकमलाई बिगो मानिनेछ।

(३) कुनै कारणले जफत भएको मदिरा वा सामान लिलाम हुन नसकेमा वा लिलाम नहुने भएमा गाउँपालिकाले त्यस्तो सुराक दिने वा सबुत प्रमाण सहित मानिस पक्री पेश गर्ने व्यक्तिलाई उचित ठहर्याएको रकम पुरस्कार स्वरुप दिन सक्नेछ।

(४) यस दफा बमोजिम पुरस्कार पाउने व्यक्ति एक जनाभन्दा बढी भएमा पुरस्कारको रकम दामासाहीले वितरण गरिनेछ।

(५) सुराक दिने व्यक्तिले आफ्नो नाम र ठेगाना गोप्य राख्न चाहेमा गोपनियता कायम गरिनेछ।

(६) सुराक दिने व्यक्तिले गलत नियतले अर्कालाई दुःख दिने हैरानी गर्ने वा बेइज्जती गर्न किसिमले सुचना दिने गर्नु गराउनु हुंदैन।

२०.**सहयोग गर्नुपर्ने**: यस ऐन र प्रचलित कानून अन्तर्गत सजाय हुने कसूरको तहकिकातको सिलसिलामा प्रमुख प्रशासकीय अधिकृत वा निजबाट अधिकार पाएको कर्मचारी वा न्यायिक समितिले सहयोग मागेमा आवश्यक सहयोग गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ। कानून कार्यान्वयनको लागि गाउँपालिकाले मागेको सहयोग उपलव्ध गराउनु  सम्बन्धित व्यक्तीको कर्तव्य हुनेछ।

२१.**मुद्दा हेर्ने अधिकारी**: (१) स्थानीय मदिराजन्य पेय पदार्थ सम्बन्धी कुनै पनि मुद्दामा सुरु कारबाही र किनारा गर्ने सम्पूर्ण अधिकार गाउँपालिकाको न्यायिक समितिलाई हुनेछ। तर न्यायिक समितिको क्षेत्राधिकार भन्दा बाहेकको विषय संघीय कानून बमोजिम हुनेछ।

२२. **पुनरावेदनः** (१) यस ऐन बमोजिम स्थानीय न्यायिक समितिले गरेको निर्णय उपर संघीय कानुन बमोजिम पुनरावेदन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम पुनरनवेदन दिने व्यक्तिले पुनरावेदन दिएको पन्ध्र दिनभित्र पुनरावेदनको एक प्रति गाउँपालिकाको न्यायिक समितिमा दर्ता गराउनु पर्नेछ।

२३. **नियम वनाउने अधिकारः** यस ऐनको कार्यान्वयनको लागि गाउँपालिकाले मदिरा व्यवस्थापन तथा नियन्त्रयका लागि निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाई गाउँ कार्यपालिकावाट स्वीकृत गरी लागु गर्न सक्नेछ।

२४. **वाधा अडकाउ हटाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै वाधा अडकाउ परेमा गाउँपालिकाले त्यस्तो वाधा अडकाउ हटाउन ओदेश जारी गर्न सक्नेछ, त्यस्तो आदेश यसै ऐनमा परे सरह हुनेछ।

२५. **बचाउः**(१) यो ऐन लागु हुनु भन्दा अघि मदिरा व्यवस्थापन तथा नियन्त्रण सम्वन्धमा यस गाउँपालिकावाट भए गरेका कामहरु यसै ऐन बमोजिम भए सरह मानिनेछ।

(२) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित नेपाल कानून बमेजिम हुनेछ।

आज्ञाले

रेशम ओली

प्रमुख प्रशासकीय अधिकृत